# साझेदारी व्यवसाय ऐन, २०७६

प्रमाणीकरण मिति

२०७६।११।२२

प्रस्तावना : व्यापार र उद्योग व्यवसाय गर्ने साझेदारी व्यवसायहरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धि र आमजनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "साझेदारी व्यवसाय ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अदालतको इजलास सम्झनु पर्छ ।

(ख) "तेस्रो पक्ष" भन्नाले साझेदारी व्यवसायका सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ङ) "फर्म" भन्नाले दफा ६ बमोजिम दर्ता भएको साझेदारी व्यवसाय सम्झनु पर्छ ।

(च) "व्यवसाय" भन्नाले कानून बमोजिम कुनै उद्योग, व्यापार वा अन्य पेशा सञ्चालन गर्ने काम सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सम्बन्धित निकाय" भन्नाले प्रदेश सरकारले तोकेको वाणिज्य तथा उद्योग हेर्ने निर्देशनालय वा कार्यालय वा समितिलाई जनाउँछ ।

(झ) "साझेदारी" भन्नाले दफा ६ बमोजिम दर्ता भई सञ्चालन हुने व्यवसाय सम्झनु पर्छ ।

३. साझेदारी कायम हुने : (१) दुई वा दुई भन्दा बढी व्यक्तिले मुनाफाको उद्देश्य लिई एउटै साझा नाम राखी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि कुनै व्यवसाय सञ्चालन गर्ने गरी कबुलियत गरेमा साझेदारी कायम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्ने व्यक्तिलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ ।

(३) साझेदारले सामूहिक रुपमा व्यवसाय सञ्चालन गर्दा व्यवसायको नामबाट गर्नु पर्नेछ र त्यस्तो व्यवसाय दफा ६ बमोजिम दर्ता गराउनु पर्नेछ ।

(४) साझेदार बाहेक साझेदारी व्यवसाय व्यक्ति हुँदैन ।

४. संगठित संस्था साझेदार नहुने : दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित संस्था कुनै साझेदारी व्यवसायको साझेदार हुनसक्ने छैन ।

५. एकाघर सगोलको कारोवार साझेदारी भन्न नहुने : (१) एकाघर सगोलको व्यवसायलाई साझेदारी मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकाघर सगोलका अंशियार एक आपसमा अंश लिई छुट्टिएर बसेको भएमा कबुलियत गरी साझेदारी व्यवसाय संचालन गर्न सक्नेछन् ।

## परिच्छेद-२

## व्यवसायहरु सम्बन्धित निकायमा दर्ता गर्नुपर्ने

६. साझेदारी व्यवसाय दर्ता गर्नु पर्ने : (१) साझेदारी व्यवसाय स्थापना भएको छ महिनाभित्र यस ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता गराउनु पर्नेछ र नयाँ स्थापना हुने भएमा त्यस्तो व्यवसाय दर्ताको लागि दफा ७ बमोजिमको विवरण सहित सम्बन्धित निकायमा तोकिए बमोजिमको दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले सात दिनभित्र दरखास्तसँग सम्बन्धित विवरण जाँची व्यवसाय दर्ता हुन सक्ने देखिएमा यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम साझेदारी व्यवसाय दर्ता नगरी कुनै व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायले यस ऐन बमोजिम कानूनी मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (२) बमोजिम दरखास्त चेकजाँच गर्दा व्यवसाय दर्ता हुन नसक्ने वा आवश्यक कागजात नपुगेमा सम्बन्धित निकायले सोको कारण सहित सातदिन भित्र दरखास्तवालालाई जानकारी दिनु पर्नेछ ।

७. व्यवसाय दर्ताको निवेदन र दस्तुर : (१) दफा ६ बमोजिम व्यवसाय दर्ताको लागि तोकिए बमोजिमको दस्तुर संलग्न राखी साझेदारहरुको आपसी कबुलियत भएको भए त्यसको रितपूर्वकको प्रमाणित नक्कल प्रति समेत राखी तोकिए बमोजिमको ढाँचामा देहायको विवरण समेत खुलाई सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ :-

(क) व्यवसायको पूरा नाम,

(ख) व्यवसायको कारोबार गर्ने ठेगाना,

(ग) व्यवसायको उद्देश्य र कार्यान्वयन गर्न खोजेको व्यवसायको छोटकरी विवरण,

(घ) प्रत्येक साझेदारको पूरा नाम, थर र स्थायी ठेगाना,

(ङ) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पूँजी रकम र अंश,

(च) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुरा,

(छ) सिमित दायित्व भएको साझेदारी भए प्रत्येक साझेदारको दायित्वको विवरण र त्यसको सिमा,

(ज) व्यवसायको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

(झ) मुनाफा निर्धारण गर्ने तरिका,

(ञ) साझेदारहरु बीच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,

(ट) तोकिए बमोजिमका अन्य विवरण ।

८. व्यवसायको नाम भ्रमपूर्ण हुन नहुने : (१) कुनै व्यवसायको नाम राख्दा दोहोरो अर्थ लाग्ने नभई स्पष्ट अर्थ लाग्ने गरी प्रष्ट नाम राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यवसायको नाम राख्दा पहिले दर्ता भैसकेको कुनै व्यवसाय, कम्पनी, रजिष्टर्ड, ट्रेडमार्क, पेटेण्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न हुँदैन ।

(३) उपदफा (१) बमोजिमको नाम भ्रमपूर्ण वा अनुपयुक्त हुने गरी राखी कुनै व्यवसाय दर्ता गर्न दफा ७ बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो नाम राखी व्यवसाय दर्ता गर्न अस्वीकार गर्न सक्नेछ र त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा दरखास्तवालाले सच्याई व्यवसाय दर्ता गर्न पुनः दरखास्त दिएमा दफा ७ बमोजिम सम्बन्धित निकायले व्यवसाय दर्ता गर्नु पर्नेछ ।

(५) दर्ता भइसकेको कुनै व्यवसायको नाम उपदफा (१) बमोजिम भ्रमपूर्ण रहेको भनी सम्बन्धित सरोकारवालाको दरखास्त परेमा सम्बन्धित निकायले तोकिए बमोजिम छानबिन गर्नेछ ।

(६) उपदफा (४) बमोजिम छानविन गर्दा व्यवसायको नाम भ्रमपूर्ण रहेको देखिएमा त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित साझेदारलाई आदेश दिनु पर्नेछ ।

९. व्यवसाय दर्ताको प्रमाणपत्र दिनु पर्ने : (१) यस ऐन बमोजिम सम्बन्धित निकायको दर्ता किताबमा व्यवसायको नाम दर्ता भइसकेपछि साझेदारहरुको नाममा तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय दर्ताको लगत विद्युतीय स्वरुपमा पनि राख्नु पर्नेछ ।

१०. अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको कुनै व्यवसायले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा

निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन ।

(२) यस ऐन बमोजिम साझेदारी व्यवसाय दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।

११. यस ऐन बमोजिम व्यवसाय गर्नुपर्ने : (१) यो ऐन प्रारम्भ हुनु अघि साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएका साझेदारी व्यवसायले यस ऐन बमोजिम व्यवसाय सञ्चालन गर्नको लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिम व्यवसायको कबुलियत परिवर्तन गरी स्वीकृतिको लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियत पेश भएकोमा सम्बन्धित निकायले सात दिनभित्र व्यवसायको कबुलियत स्वीकृत गरी व्यवसाय सञ्चालनको लागि जानकारी गराउनु पर्नेछ ।

१२. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्ने : (१) व्यवसाय दर्ता गर्नको लागि दफा ७ बमोजिम पेश गरेको दरखास्त र कबुलियतको विवरणमा पछि कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण हेरफेर गर्न सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिनेछ ।

१३. नविकरण गर्नुपर्ने : (१) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय नविकरणको लागि तोकिए बमोजिमको समय, ढाँचा र दस्तुर संलग्न राखी सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो व्यवसायको दर्ता किताब, दर्ता लगत र दर्ता प्रमाणपत्रमा नविकरणको व्यहोरा जनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम व्यवसाय नविकरण नगराई सोही नामबाट कुनै व्यवसाय सञ्चालन गर्न सकिने छैन ।

(४) व्यवसाय नविकरण गर्नको लागि तोकिएको आर्थिक विवरण सहित लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम तोकिएको अवधिमा व्यवसाय नविकरण नगरेमा वा दफा १५ बमोजिम तोकिएको विवरण पेश नगरेमा त्यस्तो व्यवसायले प्रत्येक वर्षको लागि लाग्ने नविकरण दस्तुरको दोब्बर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक विवरण संलग्न गरी नविकरण गर्नुपर्ने मिति व्यतित भएको पाँच वर्षभित्र व्यवसाय नविकरणका लागि दरखास्त दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दरखास्त दिएमा सम्बन्धित निकायले त्यस्तो व्यवसाय नविकरण गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र पनि नविकरण नगराएको व्यवसाय स्वतः रद्द भएको मानिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कुनै कारणवस नविकरण गर्ने म्याद समाप्त भई नविकरण हुन नसकेका व्यवसाय भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम नविकरण गर्न सकिनेछ ।

१४. स्थानीय तहमा नीजि व्यवसाय दर्ता: (१) स्थानीय तहमा साझेदारी व्यवसायको दर्ता गर्न सकिनेछ ।

(२) स्थानीय तहमा साझेदारी व्यवसायको नविकरण र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. सम्बन्धित निकायमा विवरण पेश गर्नुपर्ने : यस ऐन बमोजिम दर्ता भएको व्यवसायले तोकिएको ढाँचामा प्रत्येक वर्ष आर्थिक विवरण र लेखापरीक्षण गराई वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

१६. व्यवसाय खारेज गर्न सक्ने : (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको व्यवसाय सम्बन्धित निकायले खारेज गर्न सक्नेछ :-

(क) कुनै व्यवसायले दफा १३ को अधीनमा रही तोकिएको अवधिभित्र व्यवसाय नविकरण नगराएमा,

(ख) साझेदारहरुले मनासिव कारण दर्शाई व्यवसाय खारेज गरी पाउँ भनी तोकिए बमोजिमको ढाँचामा सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) कुनै व्यवसायले दफा १५ बमोजिमको विवरण सम्बन्धित निकायमा पेश नगरेमा,

(घ) सम्बन्धित निकायको सहमति बेगर कुनै व्यवसायले व्यवसाय दर्ताको प्रमाणपत्रमा उल्लिखित उद्देश्य वा फरक ठेगानामा व्यवसाय सञ्चालन गरेमा,

(ङ) उद्योग सम्बन्धी व्यवसायले कार्य सञ्चालन गरी सम्बन्धित निकायलाई जानकारी नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी व्यवसायले नविकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नविकरण नगराएमा वा नविकरण गराए पनि ईजाजतको शर्त अनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार, उपकरणको खरिद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा नदिएमा,

(छ) व्यवसायले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी अन्य काम गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम सम्बन्धित निकायबाट व्यवसाय खारेज गर्नु अघि सम्बन्धित व्यवसायलाई सफाइको मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (२) को (क), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम सम्बन्धित निकायबाट व्यवसाय खारेज भएका साझेदारहरु कसैको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को व्यवसाय दर्ता गरिने छैन ।

## परिच्छेद-३

## साझेदारहरुको आपसी सम्बन्ध

१७. साझेदारहरुको आपसी सम्बन्ध : (१) साझेदारहरुको आपसमा भएको कबुलियतद्वारा साझेदारीहरुमा हक र दायित्व कायम हुनेछ । यस्तो कबुलियत लिखित रुपमा भएको हुनु पर्नेछ ।

(२) साझेदारीको कबुलियतमा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र नलेखिएकोमा यस ऐन बमोजिमको व्यवस्था लागू हुनेछ ।

१८. प्रत्येक साझेदार प्रतिनिधि हुने : कबुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक साझेदारी प्रत्येक साझेदार, त्यस्तो व्यवसायको व्यवसाय सञ्चालनको प्रयोजनको लागि साझेदारीको प्रतिनिधि (एजेन्ट) मानिनेछ ।

१९. साझेदारीमा रहेको जायजेथा: साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछ :-

(क) साझेदारी कारोवार सुरु हुँदाको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले कारोवार गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको कारोवारबाट प्राप्त हुन आएको ख्याति (गुड विल) ।

स्पष्टीकरण : अन्यथा प्रमाणित भएकोमा बाहेक व्यवसायको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक व्यवसायको निमित्त प्राप्त गरेको मानिनेछ ।

२०. साझेदारको मृत्यु भए पछिको दायित्व : (१) कुनै साझेदारको मृत्यु भए पछि पनि साझेदारी व्यवसायको व्यवसाय सञ्चालन जारी रहेकोमा त्यस्तो साझेदारको मृत्युपछि भएको कुनै काम, कारबाही वा कारोवारको कारणबाट सृजना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन ।

(२) साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण गर्ने प्रकृया प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै साझेदारको मृत्युपछि हक हस्तान्तरण गर्न वा साझेदारी विघटन भई सम्पत्ति बाँडफाड गर्न कुनै साझेदार उपस्थित नहुने वा बेपत्ता भएमा प्रचलित कानून बमोजिम सूचना जारी गर्ने र म्याद तामेल गर्न सक्नेछ ।

२१. साझेदारी सम्पत्तिको प्रयोग : साझेदारीको सम्पत्ति साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारहरुले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन ।

२२. पूँजी थप्न वाध्य नहुने : अरु साझेदारले माग गरेपनि साझेदारीको कबुलियतमा तोकेको अंक भन्दा बढी पूँजी थप्न कुनै साझेदार वाध्य हुँदैन ।

२३. सट्टामा राख्न नपाउने : कुनै साझेदारले अन्य साझेदारको मञ्जुरी बिना अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार कायम राख्न पाउँदैन ।

२४. साझेदारको कारोबारको बन्दोबस्तमा भाग लिन पाउने : (१) कबुलियतद्वारा साझेदारी कारोबारको बन्दोबस्तमा भाग लिन नपाउने साझेदार बाहेक अन्य साझेदारले बिरोध नगरेसम्म प्रत्येक साझेदारले साझा कारोबारको बन्दोबस्तमा भाग लिन पाउँछ ।

तर, सबै साझेदारको मञ्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्नु हुँदैन ।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सोमध्ये दुई वा दुई भन्दा बढी साझेदारहरुले संयुक्त रुपमा गर्ने कबुलियत भएमा कुनै मनासिब माफिकको कारण परी कबुलियत बमोजिम काम गर्न नभ्याउने भएमा निजहरुले आफूमध्ये कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन् ।

२५. श्रेस्ता हेर्न नक्कल लिन पाउने : साझेदारीको हिसाब किताबको श्रेस्ता हेर्न चाहेमा हरेक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउने छन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कल बमोजिमको नक्कल उतारी आफ्नो सहिछाप गरी दिनुपर्छ ।

२६. पारिश्रमिक र ब्याज : (१) साझा कामको व्यवस्थापनको काम गरे वापतको पारिश्रमिक कबुलियतमा तोकिए बमोजिम हरेक साझेदारले पाउनेछ ।

(२) कुनै साझेदारले एक आपसमा सम्झौता गरेर बढी पूँजी लगाएको भए दश प्रतिशतमा नबढाई सम्झौता बमोजिमको ब्याज पाउनेछ ।

(३) कुनै साझेदारले जानी जानी लापरवाही गरी साझेदारी व्यवसायमा हानी नोक्सानी पुऱ्याएमा त्यसको बिगो निजले नै व्यहोर्नु पर्नेछ ।

२७. साझेदारले आर्जेको मुनाफा व्यवसायको हुने : व्यवसायको कुनै कारोबारको सिलसिलामा वा व्यवसायको धनमालको उपयोग गरी वा व्यवसायको कारोबारको सम्बन्धबाट वा व्यवसायको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत व्यवसायलाई बुझाउनु पर्छ ।

२८. साझेदारले वुझाएको रकम हिसाबमा देखाउनु पर्ने : दफा २६ र २७ बमोजिम कुनै साझेदारले रकम तिरे वुझाएमा सो रकम व्यवसायको आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट देखाउनु पर्छ ।

२९. नाफा नोक्सानको बाँडफाँडः (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँड गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा बराबर दरले वण्डा लाग्नेछ ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दाको पूँजीको ब्याज दिने लिने कबुलियत भएको भए सो बापतको ब्याज दश प्रतिशतमा नबढाई मुनाफाबाट मात्र तिर्नु पर्नेछ ।

३०. दायित्व तथा मुनाफा : साझेदारी व्यवसायको दायित्वको सृजना तथा मुनाफा वितरण साझेदारहरुले साझेदारी व्यवसायमा गरेको पूँजी लगानीको अनुपातमा हुनेछ ।

## परिच्छेद- ४
## व्यवसाय र तेस्रो पक्ष बीचको सम्बन्ध

३१. साझेदारले काम गर्न हुने : (१) दफा १८ को अधीनमा रही प्रत्येक साझेदारले व्यवसायको प्रतिनिधित्व गर्न सक्नेछ र कुनै साझेदारले व्यवसायको कारोबार चलाउनलाई गरेको कामबाट सृजना भएको दायित्व व्यवसायको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कारोवार गर्दा कुनै साझेदारले जालसाजी गरेमा त्यस्तो साझेदारलाई व्यवसायको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न कुनै साझेदारले उजुरी गरेमा सम्बन्धित अदालतले निजलाई व्यवसायको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न सक्नेछ ।

३२. साझेदारले गरेको काममा व्यवसाय बाध्य हुने : (१) साझेदारले कबुलियतद्वारा साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्छ ।

(२) उपदफा (१) बमोजिमको बन्देज कबुलियतमा जेसुकै लेखिएको भएपनि व्यवसायसँग कारोबार गर्न तेस्रो व्यक्तिलाई सो बन्देजको थाहा रहेनछ भने हरेक साझेदारले व्यवसायको निमित्त गरेको कारबाहीको निम्ति साझेदार संयुक्त रुपमा जिम्मेवार हुनेछ ।

३३. नयाँ साझेदार जवाफदेही नहुने : (१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्बन्धमा नयाँ हुने साझेदार जवाफदेही हुने छैन ।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई व्यवसायको अघिको काममा तेश्रो व्यक्ति प्रतिको जवाफदेहीबाट सो तेश्रो व्यक्तिसँगको कबुलियत कायम रहेका बाँकी साझेदारीहरुको मञ्जुरीले मात्र फुर्सद हुन सक्नेछ ।

(३) तेश्रो पक्षलाई कुनै साझेदार साझेदारीबाट अलग हुने भएको छ भने थाहा भएमा अलग हुने साझेदार आफू अलग भईसकेपछि अरु साझेदारले व्यवसायको नामबाट गरे भएका कामप्रति निजको जवाफदेही हुने छैन ।

३४. साझेदारले आफ्नो हक बिक्री गर्न सक्ने : (१) कुनै साझेदारले व्यवसायमा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ ।

तर त्यस्तो व्यक्ति सो व्यवसायको साझेदार मानिने छैन र सबै साझेदारहरुको मञ्जूरी बिना निजलाई सो व्यवसायको हिसाब किताब जाँच्ने अधिकार हुने छैन ।

३५. जवाफदेही हुने : (१) आफू साझेदार रहँदा व्यवसायको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगत रुपमा प्रत्येक साझेदार जवाफदेही हुनेछन् ।

(२) उपदफा (१) बमोजिमको जवाफदेही साझेदारहरुले साझेदारी व्यवसायमा गरेको पूँजी लगानीको प्रतिशत वा कबुलियत बमोजिम साझेदारी व्यवसायको कारोबार आधारमा हुनेछ ।

## परिच्छेद- ५
## साझेदारीको विघटन

३६. साझेदारी विघटन हुने : (१) सबै साझेदारका मञ्जुरीले वा निजहरुका बीचमा भएका कबुलियत बमोजिम साझेदारी विघटन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी विघटन गर्दा साझेदारहरुले निर्धारण गरे बमोजिम साझेदारीको दायित्व फस्यौंट गरी साझेदारी विघटन गर्न सक्नेछन् ।

तर साझेदार बीच दायित्व फस्यौट गर्न कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून बमोजिम लिक्विडेटर नियुक्ति गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त लिक्विडेटरले प्रचलित कानून बमोजिम व्यवसायको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नेछ ।

३७. लिखित सूचनाद्वारा विघटन हुने : (१) कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाईएको छ भने जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारहरुलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ ।

(२) साझेदारहरुको बीचमा अन्यथा मञ्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ ।

३८. जुनसुकै बखत साझेदारीबाट अलग हुन सक्ने : साझेदारहरुमा जुनसुकै व्यहोराको कबुलियत भएको भए पनि कुनै साझेदारले विशेष कारणवश देहायका परिस्थितिमा साझेदारीबाट अलग हुन सक्नेछन :-

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा,

(ख) अर्को साझेदारले व्यवसायलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडी दिएमा,

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा,

(घ) अर्को साझेदारले व्यवसायको काम कारवाहीमा जालसाज वा लापरवाही गरेमा ।

३९. कार्यकाल पछि स्वतः विघटन हुने : साझेदारहरुको बीच एक आपसमा भएका कबुलियतको अधीनमा रही कुनै साझेदारी सीमित समयको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ ।

४०. साझेदारी स्वतः विघटन हुने : कुनै साझेदारको मृत्य भएमा वा साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ ।

तर साझेदारको मृत्यपछि मृतक साझेदारको हकवालाले चाहेमा साझेदार बीचको आपसी सहमतिबाट कबुलियत गरी साझेदारलाई निरन्तरता दिन बाधा पर्ने छैन ।

४१. तेस्रो पक्ष प्रतिको दायित्व पूरा गर्नुपर्ने : साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्ता विघटनको जानकारी व्यवसायसँग सम्बन्धित तेस्रो पक्षलाई नभएमा साझेदारी विघटन भए पनि व्यवसायको नाममा गरेको काम कारवाहीबाट तेस्रो पक्ष प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नु पर्नेछ ।

तर, मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निज मरेका वा दामासाहीमा परेका मिति पछिको काम कारवाई बापत तिर्नु पर्ने छैन ।

४२. वारेसद्वारा भाग लिन हुने : दफा ३६ को अधीनमा रही हरेक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रकृयामा भाग लिन सकिनेछ ।

४३. विघटन भएपछि पनि कायम रहने : व्यवसायको विघटनको काम टुङ्ग्याउनलाई जो आवश्यक काम कारवाही र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि व्यवसायलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ ।

४४. व्यवसायको हिसाब फस्यौंट गर्ने : (१) साझेदारहरुको बीचमा भएको कबुलियत र दफा ३६ को अधीनमा रही विघटन भएका व्यवसायको हिसाब फस्यौंट गर्दा देहाय बमोजिम गर्नुपर्छ :-

(क) व्यवसायको हितमा बाधा नपर्ने गरी व्यवसायको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्ने,

(ख) पूँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट असूल उपर गर्ने,

(ग) पूँजीको कमी भई सोको सोधभर्ना गर्न लगायत व्यवसायको जेथा देहाय बमोजिमको क्रममा गर्नु पर्नेछ :-

(१) साझेदारले बुझाएको पूँजीको दामासाही,

(२) पूँजी बाहेकको साझेदारले दिएको कर्जाको दामासाही,

(३) व्यवसायले तेस्रो पक्षलाई तिर्नुपर्ने ऋण रकम, र

(४) शेष बाँकी सम्पत्ति साझेदारहरुको भाग बमोजिम ।

४५. सम्पत्ति भाग नलाग्ने : साझेदारका बीचमा कबुलियत भएको भए पनि व्यवसायको ऋण र दायित्व चुक्ता नगरी साझेदार बीच सम्पत्ति बण्डा गर्न सक्ने छैन ।

४६. सम्बन्धित निकायले लिक्विडेटर नियुक्ति गर्न सक्ने : (१) साझेदारी व्यवसायको हिसाब किताब सम्बन्धमा साझेदारहरु बीच विवाद परेमा सो व्यहोरा उल्लेख गरी कुनै साझेदारले निवेदन दिएमा सम्बन्धित निकायले त्यस्तो व्यवसायको हिसाब जाँच गर्न लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(२) लिक्विडेटरले पेश गरेको हिसाब किताब वा प्रतिवेदनबाट साझेदारी विघटन गर्नु पर्ने देखिए सम्बन्धित निकायले प्रचलित कानून बमोजिम लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(३) दफा ३६ वा यस दफा बमोजिम नियुक्त लिक्विडेटरले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिम प्राइभेट कम्पनी दामासाहीमा परेका बखत लिक्विडेटरले कम्पनी खारेज गर्दा प्रयोग गर्न सक्ने अधिकार प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त लिक्विडेटर सम्बन्धित निकायप्रति उत्तरदायी हुनु पर्नेछ ।

(५) लेखापरीक्षण र लिक्विडेटरको पारिश्रमिक तथा सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

४७. साझेदारहरु बीचको विवाद : (१) साझेदारहरु बीच साझेदारीका सम्बन्धमा कुनै विवाद उत्पन्न भई सम्बन्धित निकायमा उजुरी परेमा त्यस्तो निकायले विवाद समाधान गर्न तोकिए बमोजिमको कार्यविधि पूरा गरी आवश्यक आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकायले दिएको आदेशमा चित्त नबुझेमा पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद-६

## विविध

४८. जरिवाना : कसैले देहायको कुनै काम गरे वा गराएमा सम्बन्धित निकायले देहाय बमोजिमको जरिवाना गर्ने आदेश दिन सक्नेछः-

(क) दफा ६ विपरीतको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पाँच हजारदेखि दश हजार रुपैयाँसम्म,

(ख) दफा ७ विपरीतको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई दश हजारदेखि बीस हजार रुपैयाँसम्म,

(ग) दफा १२ विपरीतको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पन्ध्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म,

(घ) दफा १५ विपरीतको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पन्ध्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म,

(ङ) दफा २९ को पालना नगरेमा पच्चीस हजारदेखि एक लाख रुपैयाँसम्म,

(च) दफा ४४ विपरीत कुनै काम गरे वा गराएमा पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म।

४९. पुनरावेदन गर्न सक्ने : दफा ४८ बमोजिम सम्बन्धित निकायबाट जरिवाना गरेकोमा चित्त नबुझ्नेले सो गरे भएको सूचना पाएका मितिले पैंतीस दिनभित्र सम्बन्धित निकाय उपर जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५०. यस ऐन बमोजिम हुने : यो ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५१. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

५२. बचाउ : यो ऐन बन्नु पूर्व साझेदारी ऐन, २०२० र प्रचलित कानून बमोजिम भए गरेका काम यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

⊗⊗⊗